# मृतकको कफन दफन

[ नेपाली - Nepali - نيبالي ]


लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी



2015 - 1436

IslamHouse.com

# تجهيز الميت وتكفينه

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2015 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९७२७६४९२३८
९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

Email- atiqkhannp1982@yahoo.com

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैँयहदिहिल्लाहु फलामुजिल्ला लहु व मैँयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत साथीहरू माथि जहाँहरूले यस सर्वव्यापी धर्मलाई पूर्ण संसार सम्म पुऱ्याए, र अल्लाह उनीसित प्रसन्न भएर भन्यो कि तमीहरू जे मनपरे गर मतिमीहरूलाई माफ गरें । र शान्ति होस् उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको

पद्धतिलाई उत्तम मानी उसैमाथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मृतक शवलाई इस्लामीय तरिकाले कफन दफन गरिने र त्यसमाथि जनाजाको नमाज पढ्नुबारे विस्तारले कुरा गरिएको छ र समस्त कुराहरूलाई कुरआन रहदीसको प्रकाशमा सिद्ध गरिने प्रयत्न पनि गरिएको छ ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०**

**Mob.00977-9727649238,9814499140**

यस संसारमा जसको पनि जन्म भएको छ त्यसलाई एक न एक दिन मृत्युको स्वाद चाख्नु नै पर्छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ كُلُّ نَفْسٍ ذَآئِقَةُ ٱلْمَوْتِ ۖ ثُمَّ إِلَيْنَا تُرْجَعُونَ ٥٧ ﴾
العنكبوت: ٥٧

अर्थ : प्रत्येक जीवले मृत्युको स्वाद चाख्ने वाला छ, अनि तिमी सबै हामीतिरै फर्काइनेछौ । ( सूरतुल् अन्कबूत ५७ )

र यस्तै सूरतुल् अम्बियामा छ

﴿ كُلُّ نَفْسٍ ذَآئِقَةُ ٱلْمَوْتِ ۗ ﴾ الأنبياء: ٣٥

अर्थ : प्रत्येक जीवले मृत्युको स्वाद चाख्नु पर्नेछ । ( सूरतुल् अम्बिया ३५ )

र सूरतु आले इम्रान श्लोक नं. १८५ मा पनि यसै कुरालाई स्पष्ट पारिएको छ ।

त सबैलाई चाहे त्यो समृद्ध होस् वा निर्धन राजा होस् वा प्रजा सबैलाई नै मृत्यु पश्चात पृथ्वी मुनि जानु नै पर्छ । अनि त्यसको बासस्थान चिहान र लुगा दुई मिटरको कफन हुनेछ । र

त्यसलाई प्रलयको दिन पुनः जीवित गराइन्छ ताकि आफ्नो प्रतिपालक समक्ष आफ्नो कर्मको हिसाब किताब देओस् ।

यसर्थ मृत्यु यस्तो अटल सत्य हो जसको इन्कार कोही पनि गर्न सक्दैन । तसर्थ यसको लागि तयारी गर्नु हाम्रो परम् कर्तव्य हो ।

जब तपाई कसैलाई यस्तो अवस्थामा हेर कि त्यसको अन्तिम क्षण आइसकेको छ, त सर्वप्रथम त्यसलाई **लाइलाहा इल्लल्लाह**को आश्वासन दिनु र त्यसलाई यसको उपदेश गर्दै रहनु जरुरी छ । जस्तो कि हदीसमा वर्णित छ : " आफ्नो मृतकहरूलाई लाइलाहा इल्लल्लाहको उपदेश र आश्वासन गर्दै रहनु, किनकि जसको अन्तिम वाक्य लाइलाहा इल्लल्लाह होस् त्यो स्वर्गमा अवश्य जानेछ " । (अहमद हदीस नं. २१६५७, र अबू दाऊद १९/३, र हेर्नुस् सहीहुल् जामेअ् लिल् अल्बानी हदीस नं. ३४२/५ )

तर यति धेरै पनि त्यसलाई हैरान नगरियोस् कि त्यो यस मूल मन्त्रको इन्कार गरिहालोस् वा अनर्गल कुराहरू भन्न लागोस् । र यस्तै जुन मान्छे मरिरहेको मान्छे निकट उपस्थित होस् त्यो कुनै अनर्गल र नराम्रो कुरा नगरोस्, जस्तोकि हदीसमा छ : " जब तिमीहरू विरामी मान्छे वा

मरिरहेको मान्छेको निकट जाऊ त नराम्रो कुरा नभन " । ( मुस्लिम हदीस नं. २०७९, र तिर्मिजी हदीस नं. ९७३ )

र मुसलमान मान्छे काफिरको मर्ने अवस्थामा पनि त्यसको निकट जानसक्छ कदाचित त्यो काफिर यस्तो अवस्थामा त्यसको कुरा मानेर इस्लाम कबूल गरी नर्कबाट मुक्ति पाओस् । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लम एउटा काफिरको मरण अवस्थामा उपस्थित हुनु भएको थियो अनि त्यसले उहाँको कुरा मानेर इस्लाम कबूल गरिहालेको थियो । (हेर्नुस् बुखारी हदीस नं. १३३२, र हाकिम हदीस नं. १३७५)

* जब मान्छेको मृत्यु भइहालोस् त सर्वप्रथम त्यसका दुवै आँखालाई बन्द गरियोस् । किनकि हदीसमा वर्णित छ : " जब आत्मा निष्कासित हुन्छ त आँखा त्यसलाई पछ्याउँछ " । ( मुस्लिम, अहमद, इब्ने माजा, इब्ने हिब्बान )

* अनि त्यसका हात खुट्टालाई राम्रो गरियोस् अर्थात यदि बाँगोटिंगो छ भने त्यसलाई सोभ्रो गराओस् ।

* अनि त्यसका लुगा फुकालेर वा लुगा लगाएको अवस्थामा नै एउटा च्यादरले यसरी ढाँकियोस् कि त्यस च्यादरले त्यसको समस्त शरीरलाई

छोपोस् । तर यदि हज्ज र उमराको एहराम लगाएको छ र त्यसै अवस्थामा त्यसको मृत्यु भयो भने त्यसको टाउको र अनुहार खुल्ला राखिन्छ र त्यसलाई एहराममा नै दफनाइन्छ ।

* मृतकको कफन दफन र जनाजाको नमाजमा ढिलो गर्नु हुन्न बरु यस कार्यलाई जति छिटो गरियोस् त्यति राम्रो हुन्छ। जस्तोकि हदीसमा छ : "मृतकलाई छिटो त्यसको स्थानसम्म पुऱ्याऊ" ।( बुखारी, मुस्लिम )

तर दुई चार घंटाको विलम्ब गर्न सकिन्छ तर धेरै विलम्ब गर्नु उचित छैन ।

* मृतकलाई त्यसको नगरमा नै दफनाउनु उचित छ कुनै आर्को नगरमा लैजानु उचित छैन ।( हेर्नुस्: अहकामुल् जनाइज लिल् अल्बानी पे. १४ )

* मृतकका सन्तानहरूलाई वा सन्तान नभएको खण्डमा आफन्तीहरूलाई चाहियो कि त्यसमाथि ऋृण वा कसैको हक होस् भने त्यसलाई चुक्ता गरिहालोस् ।

* मृतकको अनुहार खोलेर हेर्नु र त्यसको मृत्युमा रुनु जायज छ ।( हेर्नुस्: बुखारी हदीस नं. १२२४, र मुस्लिम हदीस नं. ६३०८ )

तर ठूलो स्वरमा कराएर रुनु र छाती पीटेर एवं लुगा च्यातेर विलाप गर्नु जसलाई नौहा पनि भनिन्छ जायज छैन । किनकि हदीसमा वर्णन छ : “ जसले गालमाथि हानि, लुगालाई च्याति विलाप गरोस् त्यो हामी मध्येको होइन ” । ( बुखारी हदीस नं १२७,१२८,१२९/३, र मुस्लिम हदीस नं. ७०/१ )

र आर्को हदीसमा छ : “दुई कुरा जस मानिसमा पाइन्छ त्यसमा नास्तिकता पाइन्छ पहिलो वंशमाथि टिप्पणी गर्नु, र दोस्रो मृतकमाथि नौहा गर्नु” । ( मुस्लिम ५८/१ )

* मृतकका निकट्तम् आफन्तीहरूलाई चाहियो कि मान्छेको मृत्युको खबर प्रसारित गरुन्, र त्यसको मृत्यमाथि **इन्ना लिल्लाहि वइन्ना इलैहि राजेऊन्** पढुन् ।

## मृतक शवलाई स्नान गराउने तरिका

मृतकलाई त्यो मान्छे स्नान गराओस् जसलाई मृतकले स्नान गराउने वसीयत गरेको होस । र यदि वसीयत गरेको छैन भने त्यसको निकट्तम आफन्ती त्यसलाई स्नान गराओस् जसरी त्यसको बुवा बाजे छोरा ... आदि ।

र महिलालाई पनि यदि त्यसले वसीयत गरेको छ भने त्यो नै त्यसलाई स्नान गराओस्, यदि वसीयत गरे छैन भने त्यसको निकटतम् आफन्ती त्यसलाई स्नान गराओस् जसरी आमा छोरी हजूर आमा.... आदि ।

र लोग्नेलाई त्यसको स्वास्नीले र स्वास्नीलाई त्यसको लोग्नेले (एकआर्कालाई) स्नान गराउन सक्छन् । जस्तोकि हजरत अबू बक्रले यो वसीयत गरेका थिए कि उहाँको मरणोपरान्त उहाँकी स्वास्नी उहाँलाई स्नान गराउन्, र यस्तै हजरत अलीले आफ्नो स्वास्नी हजरत फातिमा रजिअल्लाहो अन्हालाई स्नान गराउनु भएको थियो ।

तर यदि मृतक सात वर्षभन्दा कम उमेरको होस् भने त त्यसलाई चाहे पुरुष स्नान गराओस् वा महिला कुनै फर्क छैन ।

* मृतकलाई स्नान गराउनु भन्दा अघि त्यसको लुगा फुकालेर त्यसको गुप्ताङ्गलाई कुनै च्यादर वा कपडाले ढाँकियोस् जुन त्यसको नाभीदेखि तिघ्रा समेतलाई छोपोस् ताकि त्यसको गुप्ताङ्गलाई केही पनि नहेर्न सकोस् । जस्तोकि हदीसमा वर्णन छ : " सहाबाहरूले (रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूले) रसूल सल्लल्लाहो अलैहे वसल्लमको स्वर्गबास भए पश्चात यो भनेका थिए कि के हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई पनि त्यस्तै निःवस्त्र गरौं ? जसरी हामी आफ्ना मृतकहरूलाई निःवस्त्र गर्दछौं ?" । ( यस हदीसलाई अहमद, अबू दाऊद, र हाकिमले वर्णन गरेका छन् र अल्लामा अल्बानीले यस हदीसलाइ अहकामुल् जनाइजमा सही भनेका छन् )

* अनि मृतकलाई कुनै उच्च स्थान वा कुनै खाट... आदि माथि राखियोस्, अनि त्यसको टाउकोलाई यति उठाइयोस् कि बस्ने अवस्थामा भइहालोस् । अनि स्नान गराउने मान्छे आफ्नो हातले त्यसको पेटलाई विस्तारै थिचेर माथिदेखि तलसम्म लैजाओस्, ताकि यदि कुनै अपवित्रता होस् भने निस्कोस् । अनि त्यसमाथि यति पानी हालोस् कि यदि कुनै प्रकारको अपवित्रता

निस्केको छ भने पानीसंगै बगिहालोस् । अनि स्नान गराउने मान्छे आफ्नो हातमा कुनै लुगा वा दस्ताना लगाएर त्यसको दुवै गुप्ताङ्गलाई स्वच्छ पारोस् यस अवस्थामा कि त्यसको दृष्टि मृतकको गुप्ताङ्गमाथि नपरोस्, र त्यसलाई बिना दस्ताना वा लुगा स्पर्श नगरोस् । अनि बिस्मिल्लाह गरेर त्यसलाई नमाजको लागि वजू गर्नु झैं वजू गराओस्, तर त्यसको नाक र मुखमा पानी नहालोस्, बरु औंलाहरूमा कुनै कपडा लगाएर त्यसलाई पानीले भिजाएर त्यसको दुवै ओठ र दाँतहरू एवं नाकलाई स्वच्छ पारोस् । अनि त्यसको टाउको र दाह्रीलाई बयरको पातलाई कुटेर मिसाइएको पानीद्वारा पखालोस् । अनि बयर मिश्रित पानीले नै त्यसको शरीरको दाहिनेतर्फबाट स्नानको आरम्भ गरोस् । अनि देब्रेतर्फ स्नान गराओस् । जस्तोकि हदीसमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँ सल्लल्लाहो अलैहे वसल्लमकी छोरीलाई स्नान गराउने महिलाहरूसित भन्नु भएको थियो : " त्यसको दायाँतर्फ र वजूका अंगहरूबाट स्नानको आरम्भ गर " । ( बुखारी, मुस्लिम )

र तीनदेखि सात चोटि वा आवश्यक परेमा त्यसभन्दा बढी स्नान गराउन सकिन्छ । जस्तोकि

रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँ सल्लल्लाहो अलैहे वसल्लमकी छोरीलाई स्नान गराउने महिलाहरूसित भन्नु भएको थियो : " त्यसलाई तीन वा पाँच वा सात वा त्यसभन्दा बढी स्नान गराऊ, यदि तिमीहरू यसको आवश्यकता हेर्दछौ " । ( बुखारी, मुस्लिम )

र स्नान गराउने क्रममा प्रत्येक चोटि मृतकको पेटमा हातले अलि थिचेर माथिदेखि तलसम्म लैजाओस् ताकि यदि कुनै प्रकारको अपवित्रता होस् भने निस्किहालोस् । र अन्तिम पटक स्नान गराउँदाखेरि पानीमा काफूर ( एक प्रकारको सुगन्ध हो जुन सेतो रंगको हुन्छ ) लाई पानीमा मिश्रित गरेर स्नान गराओस् । जस्तो कि हदीसमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँ सल्लल्लाहो अलैहे वसल्लमकी छोरीलाई स्नान गराउने महिलाहरूसित भन्नु भएको थिया कि: "अन्तिम चोटि स्नान गराउँदाखेरि काफूरलाई मिश्रित गरी स्नान गराउनु " । ( बुखारी, मुस्लिम )

र स्नान गराउने क्रममा साबुनलाई पनि प्रयोग गर्न सकिन्छ ।

र यस्तै यदि त्यसको नङ र मुँछ सामान्य अवस्थाभन्दा बढी छन् भने त्यसलाई पनि काट्नु

उचित मानिन्छ । तर कपाल र गुप्ताङ्गको बाल काटिदैन । अनि त्यसलाई कपडाद्वारा स्वच्छ पारोस् ।

र यदि सात चोटि स्नान गराए उपरान्त पनि त्यसको गुप्ताङ्गबाट अपवित्रता निस्कन्छ भने त्यसमा रुई वा कुनै त्यसै खालको वस्तु हालिदेओस् ताकि अपवित्रता बाहिर न निस्कोस्, अनि त्यस स्थानलाई धोएर वजू गराओस् । तर यदि अपवित्रता कफनाए पश्चात निस्कन्छ भने पुनः स्नान गराइन्न ।

र पुरुषको कपाललाई राम्रो गराउनु वा कोर्नु पर्छ । र स्त्रीको कपाललाई तीनवटा लट बनाएर पिठ्युँतिर झुन्डियाइन्छ ।

* र यदि गर्भपात भएको छ र गर्भ ४ महिना भन्दा बढीको थियो भने त्यस गर्भबाट पतन भएको नवजातलाई स्नान पनि गराइन्छ र त्यसमाथि जनाजाको नमाज पनि पढिन्छ यो नै अधिक विद्हरूको कथन छ किनकि त्यसमा आत्मा हालिसकिएको छ । तर यदि गर्भपात ४ महिना भन्दा कमको छ भने त्यसलाई नत स्नान गराइन्छ नत त्यसमाथि जनाजाको नमाज नै पढिन्छ बरु त्यसलाई पतन भएको अवस्था मै

दफनाइन्छ । ( अल् मुग्नी लेइब्ने कुदामा २/३२८ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको हदीस छ : " गर्भपात भएको नवजातमाथि जनाजाको नमाज पढिन्छ " । ( अबू दाऊद, र यस हदीसलाई अल्लामा अल्बानीले सहीहुल् जामेअ हदीस नं. ३५२५ मा सही भन्नु भएको छ )

* स्नान गराउने मान्छेलाई चाहियो कि यदि मृतकमा कुनै कमी कम्जोरी हेरोस् त कसैसित नभनोस्, किनकि जुन मान्छे अरुको कमी कम्जोरीमाथि आवरण हाल्छ अल्लाह त्यसको कमी र कम्जोरीमाथि आवरण हालिदिन्छ ।

## कफनाउने तरिका

मृतकलाई कफन दिनु जरुरी छ, र यो पनि उचित छ कि कफन त्यसको धनबाट नै किनियोस् । र यदि त्यससित माल छैन भने त्यसका आफन्तीहरूमाथि यो अनिवार्य छ कि त्यसको कफन किनुन्, यदि उनसित पनि यति माल छैन कि कफन खरिद गर्न सकुन् भने बैतुल्माल (सरकारी ढुकुटी) त्यसको कफन किनोस् । तर यदि त्यहाँ बैतुल्माल पनि छैन अर्थात काफिरको देश होस् जसरी नेपाल भुटान ... आदि त त्यहाँको कुनै सम्पन्न मुसलमान मान्छे त्यसको कफन किनोस् ।

पुरुष मृतकलाई तीनवटा सेतो च्यादरमा कफनाइन्छ जसलाई एप्रोन, कमीज, र लुंगी भनिन्छ । जस्तोकि हजरत आइशाको वर्णन छ कि : "रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई तीन सेतो च्यादरमा कफनाइयो" । बुखारी, मुस्लिम, अबू दाऊद, नेसाई, तिर्मिजी, इब्ने माजा )

र उचित यो छ कि कफनलाई पहिला सुगंधको धुनी दिइयोस् र त्यसमा हुनूत ( एउटा सुगन्ध हो जुन विशेष रूपले मृतकहरूलाई प्रयोग गराइन्छ ) को प्रयोग पनि गरियोस् । अनि तीनौं च्यादरहरूलाई एकआर्कामाथि फैलाइयोस् अनि

मृतकको पिठ्युँ तल गरेर र त्यसको अनुहार कअ्बातर्फ गरेर त्यसैमाथि लेटाइयोस् । र हुनूत लगाइएको रुई त्यसका दुवै तिघ्रा बीच अर्थात नितम्ब निकट राखेर त्यसलाई कुनै सेतो कपडाले बाँधियोस् । र निधार, आँखा, नाक, कान, मुख र जुन अंगहरूद्वारा ढोग गरिन्छ त्यसमा पनि त्यो सुगंधित रुई प्रयोग गरियोस् । र यदि पूर्ण शरीरलाई सुगंध लगाइयोस् भने अति राम्रो हुनेछ । ( हेर्नुस्: अल्मुग्नी लेइब्ने कुदामा ३/३८८ )

अनि समस्त बिछ्याइएको कफनहरूलाई एकपछि आर्कोलाई जुन मृतकको देब्रेतिर कफनको बाँकी अंश छ त्यसलाई दायाँतर्फ पल्टाउनु अनि दायाँतर्फ भएको कफनलाई देब्रेतर्फ पल्टाउनु ।

* र कफन बनाउने तरिका यो हो कि जति मृतकको लम्बाई होस् र जति चौडाई होस् ती दुवैलाई जेडेर जति बन्छ त्यति लामो कफन काट्ने, जसरी मृतकको लम्बाई यदि १७५ सेन्टी मीटर छ र चौडाई २५ सेन्टी मीटर छ भने कफन २०० सेन्टी मीटरको काट्ने । अर्थात यति लामो कफन काट्ने जुन त्यसको लम्बाई भन्दा अलि बढी होस् ताकि त्यसको शरीर पूर्णरूपले छोपोस् । र कफनको चौडाई कम्तीमा

एक मीटर हुनु पर्छ ताकि दुवैतर्फबाट पनि मृतकको शरीरलाई पूर्णतया छोपोस् । र आवश्यक परेमा कफनलाई अरु लामो र चौडो पनि गर्न सकिन्छ । त यस्तै तरिकाले कफनको तीनौं कपडा काटेर त्यसैमाथि मृतकलाई राख्नुपर्छ ।

अनि कफनाए पश्चात जति ठाउँमा आवश्यक लागोस् त्यति ठाउँमा कफनलाई मृतकसमेत बाँधोस् ताकि शव यताउता नभइहालोस्, तर सातभन्दा अधिक ठाउँमा बाँध्नु उचित छैन ।

* र महिला मृतकलाई पाँच कपडा (च्यादर) मा कफनाउनु सुन्नत हो जसलाई लुंगी, कमीज, ( समीच) चुन्नी, र दुई एप्रोन भनिन्छ । लुंगीलाई लुंगी झैं कम्मरदेखि यसरी लगाइयोस् कि त्यसका गुप्ताङ्गहरूलाई पूर्णतया छोपोस्, अनि कमीजलाई कमीज झैं लगाइयोस्, र चुन्नीलाई चुन्नी झैं त्यसको टाउकोमा लगाइयोस् । अनि यसको माथिबाट दुईवटै च्यादरहरूलाई ओढाइयोस् त्यस्तै तरिकाले जसरी पुरुषलाई ओढाइन्छ ।

* सानो केटाहरूलाई मात्र एक कपडामा पनि कफनाइन सकिन्छ, र सानी केटीलाई मात्र तीन कपडा कमीज र दुई च्यादरमा पनि कफनाइन

सकिन्छ । र समस्त मृतकहरूको लागि अनिवार्य मात्र एउटा कपडा नै छ जुन त्यसको शरीरलाई पूर्णतया छोपोस् । ( हेर्नुस्: मजमूअ् फतावा वमकालात लिश्शैख इब्ने बाज, र मुलख्खसुल् फेकही पे. २१७ )

## चिहान बनाउने तरिका

**शक्क चिहानः** यो चिहान यसरी बनाइन्छ कि मृतकको लम्बाई भन्दा अलिकति लामो र त्यसको चौडाई भन्दा अलिकति चौडो सीधा चिहान बनाउनु, अर्थात खोदाई गरेर कम्तीमा एक मीटर गहिरो गराउनु, अनि त्यसैमा मृतकलाई किब्लातर्फ अनुहार गराएर राखे पश्चात त्यसमाथि पत्थर वा काठको पटरीको छत लगाएर त्यसमाथि माटो हाल्नु । तर छत यस तरिकाले लगाइयोस् कि मृतकको शरीरलाई नछोएको होस् ।

**लहद चिहानः** यो चिहान बनाउने तरिका यो हो कि कम्तीमा एक मीटर सीधा खोदाई गरे पश्चात चिहानको किब्लातर्फ भएको पर्खालमा मृतकको मापभन्दा अलि बढी खोदाई गर्नु र यति चौडा गराउनु कि मृतकको शव राम्ररी त्यसमा समाओस्, अनि त्यसमा मृतकलाई किब्लातर्फ अनुहार गराई राखेर त्यसको पर्खाल ईंट वा काठको पटरीले बनाइयोस् ।

र उपरोक्तका दुवै चिहानहरू मध्ये लहद चिहान बनाउनु श्रेष्ठ मानिन्छ किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहान लहद नै थियो । ( हेर्नुस्: अहकामुल् मकाबिर फिश्शरीअतिल्

इस्लामीयह पे. नं. ३० लेखक: डा. अब्दुल्लाह बिन उमर अस्सहीबानी )

र चिहानलाई धेरै उच्च गराउनु वा पककी बनाउनु वा त्यसमाथि कुनै प्रकारको निर्माण गर्नु हराम छ । जस्तोकि हदीसमा वर्णित छ : " हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले चिहानलाई पक्की बनाउनु, र त्यसमाथि बस्नु, र त्यसमाथि कुनै प्रकारको निर्माण गर्नुबाट मनाही गरेका छन् " । मुस्लिम हदीस नं. ९७०, अध्याय: चिहानलाई पक्की बनाउनु र त्यसमाथि निर्माण गर्नुको मनाही )

र यदि चिहानलाई पक्की बनाइएको छ वा त्यसलाई पन्द्रह अथवा बीस सेन्टी मीटर भन्दा उच्च गरिएको छ वा त्यसमाथि कुनै प्रकारको निर्माण गरिएको छ भने त्यसलाई भत्काउने आदेश छ । हदीसमा वर्णित छ कि " रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत अली रजिअल्लाहो अन्होलाई यो भनेर पठाए कि : तिमीले कुनै उच्च चिहान हेरे बित्तिकै त्यसलाई बराबर गरिदिनु होला " । ( मुस्लिम हदीस नं. ९६९ )

तर चिहानलाई १५ वा बीस सेन्टी मीटर जमिनभन्दा उच्च गर्न सकिन्छ, र यस्तै निशानीको लागि कुनै ढुंगा वा काठ चिहानमाथि राख्न सकिन्छ । र यस्तै चिहानमाथि पानीको छिड्काव पनि गर्नु जायज छ ताकि माटो राम्ररी बसोस र हुरीले त्यसलाई उडाएर नलैजाओस् । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो छोरा इब्राहीमको चिहानमाथि पानीको छिड्काव गरेका थिए । ( हेर्नुस् सिलसिलतुल् अहादीसुस्सहीहा लिल् अल्बानी हदीस नं. ३०४५ )

तर यस आस्था र सिद्धान्तको साथ पानीको छिड्काव गर्नु कि त्यसबाट मृतकलाई कुनै प्रकारको लाभ पुग्नेछ शिर्क हो, पानी मात्र यस उद्देश्यले छिड्किन्छ ताकि माटो बसोस् अरु कुनै उद्देश्य छैन ।

## जनाजाको नमाज पढने तरिका

यदि मृतक पुरुष हो भने इमाम त्यसको टाउकोको सिधाईमा उभोस्, र यदि महिला हो भने त्यसको कम्मरको सिधाईमा उभोस् अब चाहे पुरुष महिलाको आयु र उमेर कम होस् वा अधिक सबैको लागि यसै तरिकाले उभिनु पर्छ। र यदि एकैसाथ महिला पुरुष र बच्चाहरूको शव छ भने पहिला व्यस्क पुरुषको शवलाई राख्ने अनि बालकलाई राख्ने, अनि व्यस्क महिलाको कम्मरलाई पुरुषको टाउको बराबर गरेर राख्ने अनि त्यस पछि बालिकालाई पनि महिला झैं राख्ने ।

र महिलाको जनाजाको नमाज पढाउँदाखेरि महिलालाई बोध गर्ने जमीर (संकेत गर्ने शब्द) लाई जनाजाको दुआमा प्रयोग गर्नु उचित मानिन्छ तर यदि यस्तो गरिदैन भने कुनै फर्क पर्दैन । (हेर्नुस् मज्मूअ् फतावा वमसाइल लिश्शैख उसैमीन १७/१०३)

* जनाजाको नमाजमा ४ तक्बीर भनिन्छ, र प्रत्येक तक्बीरको साथ हात उठाउनु पर्छ । पहिलो तक्बीर पश्चात सूरतुल् फातिहाको पाठ गर्नुपर्छ, केही विद्हरूको कथन छ कि सूरतुल् फातिहाको साथ कुनै अरु सूरतको पनि पाठन

गर्न सकिन्छ, तर यसको लागि प्रमाण प्रयाप्त छैन जस्तोकि शैख अल्बानीको भनाई छ, मौसूफ भन्छन् कि: पहिला तक्बीर पश्चात नत आरम्भिक दुआ (दुआए इस्तिफ्ताह) नै पढिन्छ नत कुनै अरु सूरत बरु मात्र सूरतुल् फातिहा नै पढिन्छ किनकि मात्र यसैको पाठन रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छ । ( हेर्नुस्: अहकामुल् जनाइज लिल् अल्बानी)

र दोस्रो तक्बीर पश्चात दरुद पढ्नुपर्छ जुन यो हो: " अल्लाहुम्मा सल्ले अला मुहम्मदिंव वअला आले मुहम्मद, कमा सल्लैता अला इब्राहीमा वअला आले इब्राहीम, इन्का हमीदुम् मजीद । वबारिक अला मुहम्मदिंव वअला आले मुहम्मद, कमा बारक्ता अला इब्राहीमा वअला आले इब्राहीम, इन्नका हमीदुम् मजीद " । ( बुखारी हदीस नं. ३३७० )

अर्थ : हे अल्लाह मुहम्मदमाथि र मुहम्मदका घरपरिवार र सन्ततिमाथि त्यस्तै प्रशान्ति र दयादृष्टि गर जसरी हजरत इब्राहीम र उहाँका सन्ततिहरूमाथि गरेका थियौ, निःसन्देह तिमी प्रशंसनीय र महान एवं पवित्र छौ । र हे अल्लाह बरकत र कल्याण अवतरित गर मुहम्मदमाथि र उहाँका घरपरिवार र सन्ततिहरूमाथि जसरी

इब्राहीम र तिनका सन्ततिहरूमाथि अवतरित गरेका थियौ, नि:सन्देह तिमी प्रशंसनीय र महान एवं पवित्र छौ ।

अनि तेस्रो तक्बीर पश्चात निम्नमा वर्णित दुआ पढ्नुपर्छ : " अल्लाहुम्मग्फिर लेहैयिना वमैयितिना, वसगीरिना वकबीरिना, वजक्रिना वउन्साना, वशाहिदिना वगायिबिना, अल्लाहुम्मा मन् अहयय्तहु फअह्यही अलल् इस्लाम, वमन् तवफ्फैतहु मिन्ना फतवफ्फहु अलल् ईमान, अल्लाहुम्मा लातह्रिमना अजरहु वला तफ्तिन्ना बअ्दहु " । (तिर्मिजी, र केही शब्दको हेरफेरका साथ यसै हदीसलाई अहमद, अबू दाऊद र नेसाईले पनि वर्णन गरेका छन्)

अर्थ : हे अल्लाह क्षमा प्रदान गर हाम्रा जीवित र मृतकहरूलाई, हाम्रा ठूला र सानाहरूलाई, र हाम्रा पुरुष र महिलाहरूलाई, र हाम्रा उपस्थित र अनुपस्थितहरूलाई । हे अल्लाह हामी मध्ये जसलाई जीवित राख इस्लाममाथि जीवित राख, र जसलाई मृत्यु प्रदान गर ईमानको अवस्थामा मृत्यु प्रदान गर । र हे अल्लाह हामीहरूलाई यसको पुण्यबाट वंचित नराख्नु नत यसपछि कुनै उपद्रवमा नै हाल्नु ।

अनि यो दुआ पनि पढ्नुपर्छ : “ अल्लाहुम्मग्फिरलहु वरहमहु, पआफिहि वअ्फु अन्हु, वअक्रिम नुजुलहु, ववस्सेअ् मुदखलहु, वग्सिलहु बिल्माइ वस्सलजि वल्बर्द । वनक्किही मिनल् खताया कमा नक्कैतस्सौबल् अब्यजु मिनद्दनस । वअब्दिलहु दारन् खैरन् मिन दारिही, वअहलन् खैरन् मिन अहलिही, वजौजन् खैरन् मिन् जौजिही, वअदखिलहुल् जन्नता, वअइज्हु मिन् अजाबिल् कब्रि, वअइज्हु मिन अजाबिन्नार ” । ( मुस्लिम )

अर्थ : हे अल्लाह यसलाई क्षमा प्रदान गर र यसमाथि दया गर, र यसलाई शान्ति देऊ, र यसलाई मुक्ति र क्षमादान देऊ, र यसको अतिथिसत्कार सम्मानपूर्वक गर, र यसको चिहानलाई विस्तृत र फराकिलो गरिदेऊ, र यसको पापलाई पानी हिउँ र असिनोद्वारा स्वच्छ पारिदेऊ, र यसलाई पापबाट उस्तै स्वच्छ पारिदेऊ जसरी सेतो लुगालाई फोहोरबाट स्वच्छ गर्दछौ, र यसलाई यसको घरको सट्टामा त्यसभन्दा राम्रो घर र त्यसको परिवारको सट्टामा त्यसभन्दा राम्रो परिवार र यसको स्वास्नीको सट्टामा त्यसभन्दा राम्रो स्वास्नी प्रदान गर, र

यसलाई स्वर्गमा प्रवेश गराऊ, र यसलाई चिहान एवं नर्कको यातनाबाट सुरक्षित गरिदेऊ ।
* यदि बच्चाहरूको जनाजाको नमाज हो भने “ अल्लाहुम्मग्फिर लेहैयिना वमैयितिना” पश्चात यो दोआ पढ्नुपर्छ : “ अल्लाहुम्मज्अलहु लना फरतौं वसलफौं वजुखुरा ” । ( बुखारी )
अर्थ : हे अल्लाह यसलाई हामीहरूको लागि अघि सारिएको हितकर कुरा र लाभदायक पुण्य बनाइदेऊ ।
अनि चौथो तक्बीर भनेर सलाम फेरोस् । अनि मृतकलाई चिहानमा उतारियोस्, र मृतकलाई चिहानमा उतारिने समय यो दुआ पढ्नुपर्छ : “ बिस्मिल्लाहे वअला मिल्लते रसूलिल्लाह ” । ( अहमद हदीस नं. २१८११ )
अर्थ : अल्लाहको नामबाट र रसूल सल्लल्लाहो अलैहे वसल्लमको धर्ममाथि ।
* र चिहानहरूको जियारत गर्दा यो दुआ पढ्नुपर्छ : “ अस्सलामु अलैकुम अहलद्दियारि मिनल् मुमिनीना वल् मुमिनात, वइन्ना इन्शाअल्लाहु ललाहिकून, अस्अलुल्लाहा लना वलकुमुल् आफीयह ” । ( मुस्लिम हदीस नं. २२१० )

अर्थ : हे आस्थावान पुरुष र महिलाहरू तिमीहरूमाथि अल्लाहको प्रशान्ति अवतरित होस्, र हामीहरू पनि अल्लाहले चाहेको समयमा तिमीहरूसित आएर मिल्ने छौं, म हामीहरू र तिमीहरूको लागि अल्लाहसित शान्ति र मुक्तिको याचना गर्दछु ।

यो थियो कफन दफनबारे महत्वपूर्ण कुराहरू, जुन मैले तपाईहरु समक्ष राखें । मेरो अल्लाहसित याचना छ कि हामीहरूलाई जबसम्म जीवित राखोस् इस्लाममा दृढ राखोस् र जब हाम्रो मृत्यु होस् त आस्थावान भएको अवस्थामा होस् । र अल्लाहसित यो याचना छ कि हामी सबैलाई अआफ्ना मृतकहरूलाई इस्लामीय तरिका बमोजिम कफन दफन गर्ने बुद्धि र अवसर प्रदान गरुन्, अल्लाह नै अवसर प्रदान गर्नेवाला सर्वशक्ति सम्पन्न छन् । (आमीन )

# ***समाप्त***

## ***लेखक***

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**

नेपाल
Mob. No.00977-9814499140-9727649238
00966-0501372254
Email-atiqkhannp1982@yahoo.com